जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६५ • २०८३ साल मंसिर २ गते बुधबार (18 November, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

कर्मचारी गिरीविरुद्ध आरोपपत्र दायर



टुडे समाचारदाता

जनकपुरधाम । बाराको फेटा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक पदमा कार्यरत कर्मचारी ओमप्रकाश गिरीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाण्डुमा आरोपपत्र दायर गरेको छ।

कर्मचारी गिरीको प्रमाणपत्र तह र स्नातक तहको शैक्षिक योग्यताका प्रमाणपत्र नक्कली रहेको बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजको शैक्षिक योग्यता नक्कली फेला परेपछि विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए। कर्मचारी गिरीले फेटा गाउँपालिकामा २०७८ जेठ १ गतेदेखि नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत सरहको रोजगार संयोजक पदमा नियुक्ति पाएका थिए।

प्रवक्ता न्यौपानेका अनुसार कर्मचारी गिरीले सो नियुक्ति लिँदा पेश गरेको तीन वर्षे बिएड तहको लब्धांकपत्र त्रिभुवन विश्वविद्यालयबाट प्रमाणीकरण भई आउँदा निजको नभइ अन्य व्यक्तिको भएको भनी खुल्न आएकाले शैक्षिक योग्यता ढाँटी/झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी राष्ट्रसेवकको पद र ओहदा प्राप्त गरेको देखिँदा गिरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन माग दाबीसहित आरोपपत्र दायर गरिएको छ।

मधेश प्रदेशमा सरकार परिवर्तन

कामचलाउ मुख्यमन्त्री, नयाँ मुख्यमन्त्रीको अन्योल

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको गठबन्धन भत्किएसँगै प्रदेशमा नयाँ मुख्यमन्त्री को बन्ने अन्योल देखिएको छ।

प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले मंसिर ४ गते भित्र संविधानको धारा १६८ को उपधारा २ बमोजिम २ वा २ भन्दा बढी दल मिलेर सरकार बनाउन आह्वान गरिसकेका छन्।

तर सरकार कुन दलका को नेताको नेतृत्वमा बन्ने त्यो निश्चित भइसकेको छैन। कांग्रेसका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई हटाउन नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र जनता समाजवादी पार्टी (जसपा) नेपालबीच सहमति भएको हो । मधेश प्रदेशमा जसपा नेपाल सबै भन्दा ठूलो दल हो ।तर कांग्रेस अथवा एमालेको समर्थन बिना सरकार बनाउन सक्दैन।

एमालेले जसपा नेपाल संसदीय दलका नेता सरोज कुमार यादवको नेतृत्वमा सरकार बनाउन ग्रीन सिग्नल दिइसकेको छ। नेकपाले पनि यादव नेतृत्वको सरकारलाई समर्थन गर्ने प्रतिबद्धता जनाइसकेको छ । तर जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव नै सरकारमा नजाने षडयन्त्रमा लागेका छन्। उनले यादवको नेतृत्वमा पार्टी सरकारमा गए जितेन्द्र सोनल लगायतका नेताहरुले साथ छाड्ने भय अध्यक्ष यादवलाई छ।

पार्टीका संरक्षक महन्थ ठाकुर भने सरोज कुमार यादवलाई नै मुख्यमन्त्री बनाउने पक्षमा छन् । तर शरतसिंह भण्डारीले सोनलको पक्षमा वातावरण



बनाउन लागेका छन्। अध्यक्ष यादवले पार्टी सरकार बाहिर नै रहे आन्तरिक विवाद सामसुम हुने विश्वास लिएका छन् । एमाले र नेकपाले भने सरोज कुमार यादव बाहेकलाई मुख्यमन्त्रीको रुपमा जसपा नेपाललाई समर्थन नगर्ने प्रष्ट गरिसकेका छन्।

लोसपा र जसपा एकिकृत भए पनि पार्टीका अध्यक्ष यादवको क्रियाकलापबाट असन्तुष्ट रहेका नेताहरु मध्ये अधिकांश नेताहरु एमाले तर्फ जाने संकेत देखिएको छ। भण्डारी र उनी निकटका नेताहरुले कांग्रेस पार्टीलाई रोज्ने बलियो सम्भावना छ।

त्यसकारण मधेश प्रदेश सरकारको नेतृत्व चयनमा अन्योल देखिएको छ। पार्टी अध्यक्ष यादवको विरुद्ध बहुमत सांसद रहेका छन्। उनीहरुले सरोज यादवको नेतृत्वमा सरकार बनाउन समर्थन सहितको हस्ताक्षर दिइसकेका छन् । तर जसपा नेपालको नेतृत्वमा सरकार बनाउन नदिन जसपाका सोनल समुह सहित कांग्रेसका कामु मुख्यमन्त्री यादव लागेका छन् । तर जसपा संसदीय दलका नेता यादवलाई मुख्यमन्त्रीमा रोके पार्टी नै बिभाजन हुने निश्चित भइसकेको बताइन्छ।

सरकार बनाउने पक्षधरहरुले तीन दलबीच सरकार गठनको लागि सहमति भइसकेको छ । उच्चस्रोतका अनुसार जसपा नेपाल र एमालेले ४/४ मन्त्रालय र नेकपाले ३ मन्त्रालय लिने सहमति भइसकेको छ। सरोज कुमार यादव मुख्यमन्त्री हुनेमा एमाले र नेकपाका शीर्ष नेताहरुले मोहर लगाइसकेका छन् । एमाले र नेकपाको समर्थन नपाए कांग्रेस र जसपा नेपालले मिलेर सरकार बनाउनुको विकल्प देखिदैन। तर कांग्रेसलाई जसपा नेपालका अधिकांश सांसदहरुले समर्थन गर्ने पक्षमा छैनन्।

सरकारमा जाने जसपाका नेताहरुले मुख्यमन्त्रीका लागि विवाद नरहेको दाबी गरेका छन् । उनीहरुले बुधबार साँझसम्म सरकार बनाउने दाबी पेश गर्ने बताएका छन्।

नेकपा संसदीय दलका नेता समेत रहेका निवर्तमान अर्थमन्त्री युवराज भट्टराईले पर्वत्यौहारको कारण दलहरुबीच छलफल हुन नसकेको बताए । 'सरकार गठन हुनेमा कुनै विवाद अथवा अन्यौल रहेको छैन' उनले भने, पर्वतिहारको कारण मात्र ढिलाई भएको हो । उनले सरकार गठनको विषयमा सहमति भए जस्तै रहेको बताउँदै तर छलफल हुन अझै बाँकी रहेको बताए।

जसपा नेपाल स्रोतका अनुसार सरकार संविधानको धारा १६८ को उपधारा २ अनुसार नै सरकार बनाउन दाबी पेश गरिनेछ। जसपा नेपालको चाहना अनुसार १६८ को उपधारा ३ बमोजिम सरकार गठन गर्न एमालेले सहमति नजनाएपछि १६८ को उपधारा २ अनुसार नै सरकार बनाउने सहमति भएको छ।

एमाले स्रोतका अनुसार कांग्रेस नेतृत्वको सरकारमा एमालेले पाएका सबै मन्त्रालय नै रहने छ। तर नेकपाको भागबाट एउटा मन्त्रालय हटाइने छ। स्रोतले जनाए अनुसार उर्जा, सिंचाई मन्त्रालय जसपा नेपाललाई दिइनेछ।

मुख्यमन्त्रीको समथसँगै एमाले र नेकपाका १/१ जना मन्त्रीले सपथ लिने स्रोतले जनाएका छन्। तर जसपा नेपाल भित्रको खिँचातानीले सरकार गठनमा कठिनाइ आउन सक्ने नेपाली कांग्रेसका केही नेताहरुको बुझाइ छ। उनीहरु सरकार बनाउन चाहे जस्तो सहज नभएको बताउँछन्।

प्रधानमन्त्री साहको भारत भ्रमणः एजेन्डा धेरै



टुडे समाचारदाता

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र (बालेन) साहको आसन्न भारत भ्रमणका क्रममा जनकपुरधाम र भारतको अयोध्याबीच सिधा रेल सेवा सञ्चालनको औपचारिक उद्घाटन गर्ने तयारी गरिएको छ। लामो समयदेखि चर्चामा रहेको जनकपुरधाम-अयोध्या रेल सम्पर्कलाई मूर्तरूप दिने यो पहललाई भ्रमणको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

भारतीय रेल मन्त्रालयले जनकपुरधामदेखि उत्तर प्रदेशको अयोध्या क्यान्टसम्म सञ्चालन हुने साप्ताहिक रेल सेवालाई स्वीकृति दिइसकेको छ। नोभेम्बर १४ (कात्तिक २८) मा सार्वजनिक विवरण अनुसार करिब ६०४ किलोमिटर लामो यो रेल सेवाले नेपाल र भारतका दुई महत्त्वपूर्ण धार्मिक सहरलाई जोड्नेछ।

प्रस्तावित कार्यक्रमअनुसार प्रधानमन्त्री साह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नोभेम्बर २३ (मंसिर ७) मा संयुक्त रूपमा रेल सेवाको उद्घाटन गर्ने तयारी छ । प्रधानमन्त्री साह नोभेम्बर २२ (मंसिर ६) मा भारत भ्रमणमा जाने कार्यक्रम रहेको सार्वजनिक विवरणमा उल्लेख छ।

प्रारम्भिक योजना अनुसार जनकपुरधाम-अयोध्या रेल सेवा सातामा एकपटक सञ्चालन हुनेछ। शुरुमा १८ वटा डिब्बासहित भारतीय रेल प्रयोग गरेर सेवा सञ्चालन गर्ने तयारी गरिएको छ। भारतीय रेल मन्त्रालयका अनुसार जनकपुरधामबाट प्रत्येक शनिबार र अयोध्या क्यान्टबाट प्रत्येक सोमबार रेल छुट्ने व्यवस्था प्रस्ताव गरिएको छ।

रेलले जनकपुरधाम, जयनगर, मधुबनी, शिशो, सीतामढी, रक्सौल, नरकटियागन्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्या धाम हुँदै अन्तिम गन्तव्य अयोध्या क्यान्टसम्म सेवा दिनेछ। यद्यपि, नियमित व्यावसायिक सञ्चालन सुरु हुने मिति, छुट्ने समय, टिकट दर तथा बुकिङ प्रणालीबारे विस्तृत विवरण सार्वजनिक हुन बाँकी छ।

जनकपुरधामदेखि अयोध्यासम्मको कुल दूरीमध्ये नेपालतर्फ करिब २८ किलोमिटर र बाँकी अधिकांश दूरी भारतीय भूभागमा पर्नेछ । हाल जयनगर-जनकपुरधाम-बिजलपुरा खण्डमा करिब ५२ किलोमिटर दूरीमा यात्रुवाहक रेल सञ्चालन भइरहेको छ । नेपालतर्फको रेलमार्ग विद्युतीकरण नभएकाले डिजेलबाट चल्ने रेल प्रयोग हुँदै आएको छ।

प्रधानमन्त्री साहको भ्रमणका क्रममा नेपालतर्फको रेलमार्गमा विद्युतीय रेल सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माणका लागि भारतसँग अनुदान सहयोग माग्ने तयारीसमेत छ । यसले भविष्यमा रेल सेवाको सञ्चालन खर्च घटाउन र यातायातलाई आधुनिक बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

जनकपुरधामलाई माता सीताको जन्मस्थल र अयोध्यालाई भगवान् रामको जन्मस्थलका रूपमा मानिँदै आएको छ । रामायणकालीन धार्मिक तथा सांस्कृतिक सम्बन्धसँग जोडिएका यी दुई सहर रेलमार्गबाट जोडिएपछि धार्मिक पर्यटन प्रवर्द्धनमा नयाँ सम्भावना खुल्ने विश्वास गरिएको छ । भारतबाट जनकपुरधाम आउने तीर्थयात्री र नेपालबाट अयोध्या जाने श्रद्धालुलाई सहज यातायात सुविधा उपलब्ध हुनेछ। यसबाट होटल, यातायात, पर्यटन तथा स्थानीय व्यापारमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा छ।

पहिलो चरणमा रेल सेवा यात्रुवाहकमा मात्र केन्द्रित रहनेछ । तत्काल मालवाहक (कार्गो) रेल सञ्चालन गर्ने योजना छैन। जनकपुरधाममा कार्गो रेल सञ्चालन गर्न भन्सारसम्बन्धी कानुनी तथा प्रक्रियागत व्यवस्था मिलाउनुपर्ने भएकाले त्यसका लागि थप समय लाग्ने देखिएको छ।

रेल सेवा उद्घाटनसँगै प्रधानमन्त्री साहको भारत भ्रमणमा सीमा विवाद, हवाई प्रवेश मार्ग, ऊर्जा, व्यापार तथा पूर्वाधार विकासका विषयले पनि प्राथमिकता पाउनेछन् । नेपालले सुस्ता, कालापानी र लिम्पियाधुरासम्बन्धी सीमा विवादमा आफ्नो धारणा प्रस्तुत गर्ने तयारी गरेको छ। त्यस्तै, महेन्द्रनगर र भैरहवाबाट भारतीय आकाश हुँदै थप हवाई प्रवेश मार्ग उपलब्ध गराउने विषय पनि उठाइनेछ।


ऊर्जा क्षेत्रमा पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई अघि बढाउने तथा ७५० मेगावाटको पश्चिम सेती, ४८० मेगावाटको फुकोट कर्णाली, ४५० मेगावाटको सेती नदी-६ र तल्लो अरुण जलविद्युत् आयोजनामा भारतीय लगानी विस्तार गर्ने विषयमा छलफल हुने अपेक्षा गरिएको छ । व्यापार असन्तुलन न्यूनीकरण, पारवहन सुविधा विस्तार र सीमापार पूर्वाधार विकासका विषय पनि वार्तामा समेटिनेछन्।

भ्रमणको अर्को महत्वपूर्ण एजेन्डा भोटेकोशी तथा रसुवा क्षेत्रमा बाढीबाट भएको क्षतिको पुनर्निर्माण हुनेछ। नेपालले प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि भारतसँग करिब दुई अर्ब अमेरिकी डलर बराबरको आर्थिक सहायता प्याकेजको अपेक्षा गरेको छ । उक्त सहयोग अनुदान तथा सहुलियतपूर्ण ऋणमार्फत उपलब्ध गराउन आग्रह गर्ने तयारी छ । तर, सहयोगको अन्तिम रकम र स्वरूपबारे औपचारिक निर्णय सार्वजनिक भइसकेको छैन।

भ्रमणका क्रममा प्रधानमन्त्री साहले मोदीसँग द्विपक्षीय भेटवार्ता गर्नेछन् । त्यसपछि दुवै देशका प्रतिनिधिमण्डलबीच औपचारिक वार्ता हुनेछ । भारतीय राष्ट्रपति, गृहमन्त्री तथा रक्षामन्त्रीसँग पनि शिष्टाचार भेटघाट गराउने प्रयास भइरहेको छ।

जनकपुरधाम-अयोध्या रेल सेवा उद्घाटनले नेपाल-भारतबीचको धार्मिक, सांस्कृतिक र जनस्तरको सम्बन्धलाई थप विस्तार गर्ने अपेक्षा गरिएको छ। तर, यसको दीर्घकालीन सफलता नियमित सञ्चालन, सहज टिकट व्यवस्था, यात्रुको सुरक्षा, सीमा व्यवस्थापन र प्रभावकारी समन्वयमा निर्भर रहनेछ । त्यसैले उद्घाटनसँगै रेलमार्ग विद्युतीकरण, सेवा विस्तार र व्यवस्थापनबारे ठोस समझदारी हुनु आवश्यक देखिन्छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

नेताहरुको सहभागिता सकारात्मक

नेपालको तराई मधेश-मिथिला क्षेत्रमा अत्यन्त लोकप्रिय छठ पर्व अब संसारभरी नै फैलिसकेको छ । संसारको प्रायः जसो देशहरुमा छठ पर्व मनाउन थालिएको छ । मिथिलाञ्चलबाट प्रारम्भ भएको मानिएको छठ पर्व अत्यन्त लोकप्रिय र प्रकृति प्रिय रहेको छ । किसानहरुले आफ्नो खेतबारीमा उत्पादन भएको पहिलो बालीलाई छठ पर्वका लागि प्रयोग गरिन्छ । नेपालमा छठ पर्वले राष्ट्रिय स्वरुप धारण गरिसकेको छ । छठ पर्वलाई देशव्यापी बनाउन तराई मधेशका ब्रत तिहार गर्नेहरुको महत्वपूर्ण भूमिका रहेको छ । जागिर अथवा व्यवसायको क्रममा पहाडी जिल्लामा रहेका तराईवासीहरुले त्यहीं स्थानमा छठ पर्व मनाउन थालेका छन् । त्यसले छठ पर्वलाई बृहत्त रुपमा फैलाउन मद्दत मिलेको छ । राष्ट्रिय स्वरुप धारण गरिसकेको छठ पर्वको लोकप्रियता विदेशमा समेत व्यापक हुन थालेको छ । छठ पर्वलाई पर्यटन प्रवर्द्धनको लागि उपयोग गर्न सकिन्छ । छठ पर्वको परम्परागत संरचना र आस्थामा कुनै परिवर्तन नगरी व्यवस्थित गर्न सके पर्यटकहरुको आकर्षणको समेत केन्द्र बन्ने निश्चित छ । सम्पन्न भएको छठ पर्वमा नेपालका राष्ट्रिय नेताहरु सहभागिता भएपछि त्यसले अत्यन्त सकारात्मक सन्देश प्रवाह गरेको छ । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति समेत रहेका पूर्वउप एवं गृहमन्त्री रवि लामिछाने पत्नी निकिता सहित जनकपुरधामको गंगासागरमा छठ पर्व मनाए । उनीहरुले सन्ध्या र प्रातःकालीन अर्घ दुवै दिए । लामिछानेले जनकपुरधाममा मनाएको छठ पर्वको व्यापक प्रचार भयो । देशको सर्वाधिक प्रभावशाली नेता लामिछानेले छठ गर्न जनकपुरधामलाई रोज्नु उनको व्यक्तिगत विषय हो । तर त्यसबाट समग्र रुपमा छठ पर्वको व्यापकता बढेको छ । देश विदेशमा छठ पर्वको प्रचार भएको छ । त्यसैगरी संघीय संसदका सभामुखले छठ पर्व हेर्न वीरगञ्जलाई रोजे । त्यहाँको पनि छठ पर्व अत्यन्त लोकप्रिय छ । नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले स-परिवार सर्लाहीमा छठ पर्व मनाए । उनीहरुले पनि पूजा सामग्री सहितको टोकरी लिएर घाट सम्म पुगेका थिए । विगतमा देशका राष्ट्रपति पनि छठ घाटमा काठमाण्डुमा जाने गरेका थिए । यस वर्ष पनि उपराष्ट्रपति रामसहाय यादव ललितपुरको इमाडोलस्थित घाटमा गएका थिए । व्यक्तिगत आस्था र निष्ठाको साथै छठ पर्वमा देशका शीर्ष नेताहरुको सहभागिताले छठलाई झन व्यापक बनाएको छ । नेपालमा छठ पर्वको महत्व पछिल्लो वर्षमा बढेको र व्यापक भएको छ । छठ पर्व अब किसानको मात्र नभइ सबै क्षेत्रका मानिसहरुका लागि स्थापित भएको छ । छठमा प्रयोग हुने पूजा सामग्री, छठको तयारी, पूजा विधि, सूर्य र जलको महत्वको विषयमा वृहत्त रुपमा विदेशीहरुलाई जानकारी गराउन आवश्यक छ । उनीहरुको आकर्षण घाटको पूजासँगै त्यसको विधि र प्रक्रियामा पनि रहेको छ ।

हिन्दु धर्ममा नारीको महिमा : परिवार र समाज निर्माणकी आधारशिला



ऋषिकेश यादव

नारीलाई सम्मान गर्ने परम्परा, देवी आराधना र पारिवारिक जीवनका आदर्शले हिन्दु धर्ममा नारीको विशिष्ट स्थान स्थापित गरेका छन्। वेददेखि रामायण, महाभारत र पुराणसम्म नारीको ज्ञान, त्याग, साहस, स्वाभिमान र शक्तिका अनेक उदाहरण पाइन्छन्। हिन्दु धर्म विश्वका प्राचीन धार्मिक तथा सांस्कृतिक परम्परामध्ये एक हो। यसको धार्मिक, दार्शनिक र सांस्कृतिक आधार वेद, उपनिषद्, रामायण, महाभारत, भगवद्गीता र विभिन्न पुराणमा भेटिन्छ। यस परम्परामा नारीलाई जीवनको महत्त्वपूर्ण आधार मानिएको छ। नारीलाई माता, देवी, शक्ति, विदुषी, गृहिणी र समाज निर्माणकी संवाहकका रूपमा चित्रण गरिएको छ।

हिन्दु धर्ममा दुर्गा, लक्ष्मी र सरस्वतीको आराधना हुनु नारी शक्तिप्रतिको सम्मानको एउटा महत्त्वपूर्ण उदाहरण हो। दसैँमा दुर्गा भवानीको पूजा गरिन्छ। तिहारमा धनधान्य र समृद्धिकी प्रतीक माता लक्ष्मीको आराधना हुन्छ। सरस्वती पूजामा ज्ञान, विद्या र बुद्धिकी देवी सरस्वतीको पूजा गरिन्छ। यी तीन देवीले शक्ति, समृद्धि र ज्ञानको प्रतिनिधित्व गर्छन्। देवीको आराधनाले नारीको सम्मानलाई धार्मिक संस्कारसँग जोडेको छ। तर यसको अर्थ नारीको महिमा पूजाआजामा मात्र सीमित छ भन्ने होइन। परिवार, समाज, शिक्षा, संस्कृति र सभ्यताको विकासमा नारीले निर्वाह गरेको भूमिकासमेत उत्तिकै महत्त्वपूर्ण छ।

माता सीता : त्याग, धैर्य र स्वाभिमानकी प्रतिमूर्ति

हिन्दु धर्ममा नारी आदर्शको चर्चा गर्दा माता सीताको नाम विशेष सम्मानका साथ लिइन्छ। रामायणमा सीताको जीवनले प्रेम, निष्ठा, धैर्य, साहस र आत्मसम्मानका अनेक पक्ष प्रस्तुत गर्छ। मिथिलाका राजा जनककी पुत्री सीताको विवाह अयोध्याका राजकुमार रामसँग भएको थियो। राम वनवास जाँदा सीताले पनि राजमहलको सुखसुविधा त्यागेर उहाँसँग वन जाने निर्णय गरिन्। वनवासका कठिन दिनमा उनले अनेक दुःख र चुनौतीको सामना गरिन्। रावणले अपहरण गरेपछि पनि उनले आफ्नो आत्मसम्मान र नैतिक अडान कायम राखिन्।

सीताको जीवनलाई पतिको साथ दिने पत्नीको उदाहरणका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। उनी अन्यायका अगाडि नझुक्ने, कठिन परिस्थितिमा धैर्य राख्ने र आफ्नो निर्णयमा दृढ रहने नारीका रूपमा पनि स्थापित छन्। रामायणको उत्तरकाण्डमा समेत सीताको चरित्रले मातृत्व, आत्मसम्मान र कठिन परिस्थितिमा आफ्नो अस्तित्व जोगाउने दृढताको परिचय दिन्छ। त्यसैले सीताको आदर्शलाई नारीको त्यागसँगै उनको स्वाभिमान र आत्मबलसँग जोडेर बुझ्नुपर्छ।

सती अनुसूया र माता सीताबीचको संवाद

वाल्मीकि रामायणको अयोध्याकाण्डको ११८औँ सर्गमा सती अनुसूया र माता सीताबीच भएको संवाद उल्लेख छ। यसलाई नारी धर्म र वैवाहिक जीवनका आदर्श बुझाउने महत्त्वपूर्ण प्रसङ्गका रूपमा लिइन्छ। ऋषि अत्रिकी पत्नी अनुसूया तपस्या, पतिव्रता धर्म र धार्मिक आचरणका लागि प्रसिद्ध थिइन्। वनवासका क्रममा राम, सीता र लक्ष्मण अत्रि ऋषिको आश्रममा पुगेपछि सीता र अनुसूयाबीच संवाद भएको थियो। अनुसूयाले सीतालाई वैवाहिक जीवन, पतिको



साथ र पत्नीको कर्तव्यबारे उपदेश दिएकी थिइन्। सीताले पनि आफूले आमाबाट प्राप्त गरेको संस्कार र वैवाहिक जीवनप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गरेकी थिइन्।

यस प्रसङ्गमा सीताले पतिको स्वभाव, सदाचार र पारिवारिक व्यवहारको महत्त्व उल्लेख गरेकी छन्। उनले असल, दयालु, इन्द्रिय नियन्त्रण गर्न सक्ने र धर्मको पालना गर्ने पतिको प्रशंसा गरेकी छन्। यस संवादको मुख्य सन्देश वैवाहिक जीवनमा निष्ठा, विश्वास, त्याग र पारस्परिक जिम्मेवारीको महत्त्व हो। यद्यपि यसलाई आजको सन्दर्भमा व्याख्या गर्दा पत्नीले मात्र पतिको सेवा गर्नुपर्ने एकपक्षीय मान्यताका रूपमा बुझ्नु हुँदैन। पति र पत्नी दुवैले एकअर्काको सम्मान र सहयोग गर्नुपर्छ।

पतिव्रता धर्म र वैवाहिक जीवनको मर्यादा

हिन्दु धार्मिक परम्परामा पतिव्रता धर्मलाई महत्त्वपूर्ण मानिएको छ। विवाहलाई सामाजिक सम्बन्धका साथै धार्मिक र नैतिक जिम्मेवारीका रूपमा पनि व्याख्या गरिएको छ। विवाहपछि पति र पत्नीले एकअर्काप्रति निष्ठावान् रहनु, विश्वास कायम राख्नु र पारिवारिक जिम्मेवारी पूरा गर्नु वैवाहिक जीवनका आधार हुन्। पतिव्रता धर्मको परम्परागत व्याख्यामा पत्नीको पतिको सुखदुःखमा साथ दिने, परिवारको संरक्षण गर्ने र कठिन समयमा धैर्य राख्ने भूमिकालाई महत्त्व दिइन्छ। तर वैवाहिक निष्ठा महिलाका लागि मात्र लागू हुने विषय होइन। पुरुषले पनि पत्नीप्रति उत्तिकै इमानदार, जिम्मेवार र मर्यादित व्यवहार गर्नुपर्छ।

श्रीमद्भगवद्गीताको तेह्रौं अध्यायले कर्म र कर्तव्यको महत्त्व बताउँछ। यसले मानिसलाई आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्न प्रेरित गर्छ। यही नैतिक शिक्षालाई पारिवारिक जीवनमा लागू गर्दा पति र पत्नी दुवैले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्छ।

पति-पत्नी : जीवनरूपी रथका दुई पाङ्ग्रा

समाजमा एउटा प्रचलित भनाइ छ- पति र पत्नी जीवनरूपी रथका दुई पाङ्ग्रा हुन्। रथका दुवै पाङ्ग्रा सन्तुलित भए मात्र यात्रा सहज हुन्छ। त्यसैगरी वैवाहिक जीवन पनि दुवैको समान सहभागिता र सहयोगबाट सफल हुन्छ। पत्नीले पतिको दुःखमा साथ दिनुपर्छ। पतिले पनि पत्नीको समस्या र आवश्यकतालाई बुझ्नुपर्छ। आर्थिक कठिनाइ, पारिवारिक समस्या, रोगव्याधि वा अन्य प्रतिकूल अवस्थामा एकअर्कालाई सहयोग गर्नु दुवैको जिम्मेवारी हो।

पत्नीले पतिको सेवा गर्नुपर्छ भन्ने धार्मिक मान्यताको व्याख्या गर्दा पतिको पनि पत्नीप्रतिको कर्तव्यलाई बिर्सनु हुँदैन। पत्नीको सम्मान गर्नु, उनको विचार सुन्नु, निर्णयमा सहभागी गराउनु र सुरक्षित वातावरण निर्माण गर्नु पतिको पनि दायित्व हो। असल वैवाहिक जीवनमा आदेश र अधीनताको सम्बन्धभन्दा प्रेम, विश्वास, सम्मान र सहकार्यको सम्बन्ध बलियो हुनुपर्छ।

नारी : परिवार र समाज निर्माणकी आधारशिला

परिवार निर्माणमा नारीको भूमिका महत्त्वपूर्ण हुन्छ। आमाले सन्तानलाई जन्म दिने मात्र होइन, संस्कार, अनुशासन, नैतिकता र सामाजिक व्यवहार सिकाउन पनि महत्त्वपूर्ण योगदान गर्छिन्। बालबालिकाको पहिलो पाठशाला घर हो भने आमालाई पहिलो शिक्षकका रूपमा लिइन्छ।

हिन्दु परम्परामा मातापिताको सम्मान, परिवारप्रतिको जिम्मेवारी र ज्येष्ठ नागरिकको आदरलाई महत्त्व दिइन्छ। यी संस्कार पुस्तान्तरण गर्ने आमाको भूमिका उल्लेखनीय हुन्छ। तर परिवारको सम्पूर्ण जिम्मेवारी महिलामाथि मात्र राख्नु उचित हुँदैन। घरपरिवारको व्यवस्थापन, सन्तानको पालनपोषण र सामाजिक जिम्मेवारीमा पुरुषको पनि उत्तिकै भूमिका हुन्छ। महिला शिक्षित, आत्मनिर्भर र निर्णय प्रक्रियामा सहभागी भए परिवार र समाज दुवै बलियो हुन्छन्। आजका महिलाले शिक्षा, स्वास्थ्य, राजनीति, प्रशासन, विज्ञान, साहित्य, कला र उद्यमशीलताका क्षेत्रमा उल्लेखनीय योगदान गरिरहेका छन्। यसले नारीको क्षमता घरपरिवारमा मात्र सीमित छैन भन्ने प्रमाणित गर्छ।

धार्मिक आस्था र व्यवहारमा नारी सम्मान

हिन्दु धर्ममा नारीलाई देवीका रूपमा पूजा गर्ने परम्परा छ। तर देवीको पूजा गर्नु र घर, समाज तथा कार्यस्थलमा महिलालाई सम्मान गर्नु फरक विषय हुन्। धार्मिक आस्थाको वास्तविक अर्थ व्यवहारमा पनि देखिनुपर्छ। नारीमाथि हुने हिंसा, विभेद, बालविवाह, दाइजो प्रथा, अशिक्षा र अवसरबाट वञ्चित गर्ने व्यवहार धार्मिक तथा सामाजिक आदर्शसँग मेल खाँदैनन्। नारीको सम्मान उनको उमेर, वैवाहिक अवस्था वा पारिवारिक सम्बन्धका आधारमा मात्र होइन, एक स्वतन्त्र र सम्मानित व्यक्तिका रूपमा हुनुपर्छ। छोरीलाई शिक्षा दिने, महिलालाई आफ्नो निर्णय आफैँ लिन सक्ने वातावरण बनाउने, सम्पत्तिमा अधिकार सुनिश्चित गर्ने र सामाजिक गतिविधिमा सहभागी गराउने कार्य पनि नारी सम्मानकै हिस्सा हुन्।

हिन्दु धर्मका विभिन्न ग्रन्थमा नारीको भूमिका र स्थानबारे फरक-फरक विचार पाइन्छन्। त्यसैले कुनै एउटा प्रसङ्गलाई मात्र आधार बनाएर सम्पूर्ण हिन्दु परम्पराको निष्कर्ष निकाल्नु उचित हुँदैन। धार्मिक शिक्षाको व्याख्या गर्दा समय, सन्दर्भ र मानवीय मर्यादालाई पनि ध्यान दिनुपर्छ।


निष्कर्ष

हिन्दु धर्ममा नारीको महिमा धार्मिक, सांस्कृतिक, पारिवारिक र सामाजिक सबै पक्षसँग जोडिएको छ। वेदकी ऋषिका वागाम्भृणी, उपनिषद्की गार्गी र मैत्रेयी, रामायणकी सीता, तपस्विनी अनुसूया, महाभारतकी सावित्री र द्रौपदीका चरित्रले नारीको फरक-फरक क्षमता र व्यक्तित्वलाई उजागर गर्छन्। नारी शक्ति हो, नारी ज्ञान हो र नारी सिर्जनाको आधार पनि हो। उनको भूमिका परिवारको संरक्षणमा मात्र सीमित छैन। समाजलाई सही दिशा दिन, संस्कृतिको संरक्षण गर्न र नयाँ पुस्ताको भविष्य निर्माण गर्न पनि नारीको योगदान आवश्यक छ।

धार्मिक ग्रन्थमा नारीलाई देवी मानेर पूजा गर्ने परम्परा छ भने व्यवहारमा पनि उनलाई सम्मान, समान अवसर र स्वतन्त्रता दिनु आवश्यक छ। नारीको सम्मान भाषण र धार्मिक अनुष्ठानमा मात्र होइन, दैनिक जीवनको व्यवहारमा देखिनुपर्छ।

अन्ततः नारीको सम्मान भएको परिवारमा संस्कार बलियो हुन्छ, समाजमा समानता स्थापित हुन्छ र सभ्यताको विकासले गति लिन्छ। नारीको सम्मान गर्नु नै मानवता, धर्म र सभ्यताको सम्मान गर्नु हो।

छठ पर्व र राजनीतिक कोल्टे फेराइका सन्देशहरू



नरेन्द्रजंग पिटर

छठ पर्व सकिए पनि यससँग जोडिएका बहस र चर्चा सकिएका छैनन् । छठको बहानामा नेताहरूको मिथिलाञ्चल यात्रा आस्थाभन्दा भावनाको राजनीतिकरण भएको आरोपसँगै बहस थप गम्भीर बनेको छ । पहिले छठमा सहभागी नहुने नेताहरू पनि अहिले सक्रिय देखिन थालेपछि यो पर्व धर्म र आस्थाको विषयमा मात्र सीमित रहेन, बरु संस्कृति, बजारवाद र राजनीतिक स्वार्थको बहसको केन्द्र बनेको छ ।

मिथिला प्राचीनकालदेखि नै दार्शनिक बहस, शास्त्रीय अध्ययन र सांस्कृतिक चेतनाको महत्वपूर्ण केन्द्र रहँदै आएको छ । राजा जनकको दार्शनिक परम्परादेखि वैदिक साहित्य र लोकसंस्कृतिसम्म यसको विशिष्ट पहिचान छ । यही व्रतालुले आफ्नै लोकभाषामा प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्नु यसको सांस्कृतिक विरासतको महत्वपूर्ण हिस्सा हो छठ पर्व ।

छठ धार्मिक अनुष्ठान मात्र होइन, मिथिलाञ्चलको सांस्कृतिक गरिमा पनि हो । जात, धर्म र समुदायभन्दा माथि उठेर प्रकृति, सूर्य, जल र मानव जीवनबीचको अन्योन्याश्रित सम्बन्धलाई उत्सवका रूपमा मनाउने कृषि आधारित लोकपर्व हो यो । मैथिलीभाषी समुदाय संसारका जुनसुकै भूगोलमा पुगे पनि उनीहरूसँगै छठ संस्कृति पनि विस्तार भएको छ ।

छठको उत्पत्तिबारे हिन्दु, बौद्ध तथा इतिहासकारहरूका फरक धारणा छन् । हिन्दु परम्पराले ब्रह्मवैवर्त पुराणको प्रकृति खण्डमा वर्णित षष्ठी देवीसँग यसको सम्बन्ध जोड्छ । अर्कोतर्फ, केही बौद्ध व्याख्याले बुद्धकी आमा मायादेवीको स्मृतिसँग छठलाई जोड्ने गर्छन् । पीपलको पातको आकृति, अहिंसा, पुरोहितविहीन पूजा, लोकगीत र प्रकृतिप्रतिको सम्मानलाई बौद्ध संस्कृतिसँग जोडेर व्याख्या गरिन्छ। यद्यपि यी व्याख्यालाई प्रमाणित ऐतिहासिक निष्कर्षका रूपमा लिन सकिँदैन ।

वास्तवमा छठको मौलिक चरित्र प्रकृति पूजा, श्रम, सामूहिकता र लोकजीवनसँग जोडिएको छ। उदाउँदो मात्र होइन, अस्ताउँदो सूर्यलाई समेत अर्घ्य दिने परम्पराले जीवनका दुवै अवस्थाप्रतिको सम्मान झल्काउँछ। पुरोहित र संस्कृत मन्त्र अनिवार्य नहुनु तथा विशिष्टता हो। त्यसैले छठलाई कुनै एउटा धर्मको स्वामित्वमा सीमित गर्नुभन्दा साझा सभ्यताको उपजका रूपमा बुझ्नु उपयुक्त हुन्छ ।

तर छठको दार्शनिक आदर्श र व्यावहारिक सामाजिक यथार्थबीच ठूलो विरोधाभास देखिन्छ। सूर्यको प्रकाश र नदीको पानीले कसैमाथि भेदभाव गर्दैनन् भन्ने मान्यता बोकेको पर्वमा जातीय विभाजनका आधारमा घाट छुट्याइनु विडम्बनापूर्ण छ। कतिपय ठाउँमा दलित तथा सीमान्तकृत समुदाय मूलघाटमा अपमानित हुनुपर्ने वा अघोषित बहिष्करण सहनुपर्ने अवस्था छ । उनीहरू आफ्नै बस्ती नजिकका साना पोखरी, कुलो वा नदीका असुविधाजनक किनारमा पूजा गर्न बाध्य हुन्छन् ।

छठको पूजा सामग्री तयार पार्ने डोम समुदायका बाँसका सुपा र ढकी तथा कुमाल समुदायका माटाका भाँडाकुँडाबिना पर्वको कल्पनासमेत गर्न सकिँदैन। तर यही श्रम र सीपले पर्वलाई पूर्णता दिने समुदायलाई घाटमा समान स्थान नदिनु हाम्रो सामाजिक चेतनाको गम्भीर समस्या हो । समताको सन्देश दिने पर्वमा विभेद कायम रहनु आफैँमा आत्मविरोध हो ।

यसैगरी पछिल्ला दुई-तीन दशकमा सहरीकरण र उपभोक्तावादी संस्कृतिले छठको मौलिकतामाथि बजारको प्रभाव बढाएको छ। पहिले माटोका चुल्हो, बाँसका सामग्री र स्थानीय फलफूलमा आधारित पर्व अहिले महँगा सजावट, कृत्रिम बत्ती, आकर्षक टेन्ट र प्रतिष्ठा प्रदर्शनको माध्यम बन्दै गएको छ। सार्वजनिक घाटहरूमा राजनीतिक पहुँच र आर्थिक हैसियतका आधारमा विशेष सुविधा सिर्जना हुन थालेका छन्। टेलिभिजन, सामाजिक सञ्जाल र विज्ञापनले पनि छठलाई आस्थाको उत्सवभन्दा प्रदर्शन र ब्रान्डिङको विषय बनाउँदै लगेका छन् ।

पर्वअघि घाट सफा गर्ने र पर्वपछि फोहोरको डंगुर छाड्ने प्रवृत्तिले हाम्रो सांस्कृतिक चेतनाको अर्को कमजोर पक्ष उजागर गर्छ । प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्ने पर्व मनाउँदा प्रकृतिकै संरक्षणप्रति उदासीन हुनु कस्तो विडम्बना हो ?

यतिबेला छठसँग जोडिएको अर्को महत्वपूर्ण बहस राजनीतिकरणको हो । मधेश प्रदेश नेपालको राजनीतिमा निर्णायक शक्ति बन्न सक्ने भएकाले राष्ट्रिय राजनीतिका नेताहरूको ध्यान मिथिलाञ्चलतर्फ केन्द्रित हुन थालेको छ । छठको अवसरमा रवि लामिछाने, गगन थापा र कुलमान घिसिङको मधेस भ्रमणलाई पनि यही राजनीतिक सन्दर्भमा हेर्न सकिन्छ ।

जनताको धार्मिक आस्था र सांस्कृतिक संवेदनालाई राजनीतिक समर्थनमा रूपान्तरण गर्ने प्रवृत्ति नयाँ होइन। जब राजनीतिक दलसँग स्पष्ट विचार, दीर्घकालीन योजना र जनताप्रतिको ठोस जवाफदेहिता कमजोर हुन्छ, तब उनीहरू भावनात्मक मुद्दा र सांस्कृतिक मञ्चको सहारा लिन थाल्छन्। पनि बुझ्नुपर्छ–जनताको आस्था सत्तामा पुग्ने भर्‍याङ होइन ।

ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सामाजिक काममा फाइदा हुनेछ ।
वृष : शिक्षा र व्यापारमा गरेको लगानीबाट नाफा हुनेछ ।
मिथुन : प्रियजनसंगको भेटले मनमा खुशी मिल्नेछ ।
कर्कट : सहकर्मीसंगको सहकार्यले उचाइ बढ्ने छ ।
सिंह : कृषिजन्य वस्तुको व्यापारबाट नाफा हुनेछ ।
कन्या : हरेक काममा अवरोध हुनेछ ।
तुला : शिक्षाको क्षेत्रमा उन्नती हुने दिन छ । पारिवारिक मेलमिलाप हुनेछ ।
वृश्चिक : निजी क्षेत्र भन्दा सामाजिक क्षेत्रमा सेवाको अवसर मिल्ने छ ।
धनु : भित्री योजना नसुनाउनु फाइदा हुनेछ । शिक्षा र स्वास्थ्यमा सुधारको योग छ ।
मकर : आज गरेको लगानी डुब्ने जोखिम छ । लगानी गर्नु अगाडि सोच्नु उचित हुन्छ ।
कुम्भ: सामाजिक र राजनीतिक क्षेत्रमा काम गर्ने हिम्मत गर्नुपर्ने देखिन्छ ।
मीन: शिक्षा र स्वास्थ्यमा सुधारका संकेत देखिन्छ । यात्रा सफल बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्छौं: अध्यक्ष ओली



काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गरिने बताउनुभएको छ ।

अखिल नेपाल किसान महासङ्घ, केन्द्रीय कमिटीको छैटौं विस्तारित बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गरी 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्ने दिशामा पार्टी अगाडि बढ्ने बताउनुभयो । उहाँले एमाले मजबुत, देशभक्त, लोकतान्त्रिक तथा स्पष्ट दृष्टिकोण र सुदृढ सङ्गठन रहेको पार्टी भएको बताउनुभयो ।

पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकले आगामी 'दुई कार्यभार र १५ काम' निर्धारण गरेको जानकारी गराउँदै अध्यक्ष ओलीले आन्दोलन र स्थानीय तह निर्वाचनका ती कार्यभार पूरा गर्ने तयारीमा लाग्न निर्देशन दिनुभयो । उहाँले आगामी निर्वाचनमा हामी जित्छौं भन्ने आत्मविश्वासका साथ अगाडि बढ्न नेताकार्यकर्तालाई निर्देशन दिनुभयो ।

नेपालको किसान आन्दोलन राजनीतिक परिवर्तन सफल बनाउने जगका रूपमा रहेको र कयौं किसान नेताहरूले अमूल्य योगदानका साथै सहादत प्राप्त गरेको अध्यक्ष ओलीले स्मरण गर्नुभयो ।

किसान महासङ्घलाई विस्तार गर्ने बृहत् आधारहरू रहेको र त्यसका लागि सक्रियता आवश्यक रहेको बताउँदै उहाँले आफ्नो विगतको गौरवलाई सम्झेर त्यसलाई कायम गर्न विभिन्न क्षेत्रका किसानलाई महासङ्घमा आवद्ध गर्न आग्रह गर्नुभयो ।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष प्रेम दङ्गालले महासङ्घ ७३ जिल्ला, ५३९ पालिकाका एक हजार ३६५ वडामा क्रियाशील रहेको रहेको जानकारी गराउनुभयो । रासस

बिपी राजमार्ग : चौडा बनाउन पौने चार अर्बको स्रोत–प्रस्ताव

काभ्रेपलाञ्चोक । बिपी राजमार्ग चौडा पारिने भएको छ । सदरमुकाम धुलिखेलदेखि नमोबुद्धको दाप्चा १ नं पुलसम्मको सडक थप चौडा पारिने भएको हो ।

सडक चौडा पार्दा १० मिटरसम्मको मुख्य कालोपत्रे सडक डिभिजन सडक कार्यालय, भक्तपुरले जनाएको छ । सडक चौडा पार्न रु तीन अर्ब ७९ करोड ७८ लाख ५५ हजार ५०० स्रोत प्रस्ताव गरिएको जनाइएको छ । हाल भने मुख्य कालोपत्रे भागको चौडाइ सामान्यता पाँच दशमलव ५ मिटर (इन्टरमिडियट : एक लेनभन्दा केही फराकिलो) रहेको छ ।

कार्यालयका अनुसार चौडा पारिने सडकको लम्बाइ २० दशमलव छ किलोमिटर रहेको छ । सडक चौडा पार्न विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार भइसकेको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले राससलाई जानकारी दिनुभयो ।

उहाँले प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने काम अन्तिम चरमा पुगेको पनि बताउनुभयो । डिपीआर अनुसार रु तीन अर्ब ७९ करोड ७८ लाख ५०० लाग्ने खर्चका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई स्रोत प्रस्ताव गरिएको योगेशको भनाइ छ ।

कूल खर्चानुमान अनुसार सडक फराकिलो बनाउन प्रतिकिलोटिर रु १८ करोड छ लाख लाग्ने भएको हो । "स्रोत सुनिश्चित भएपछि ठेक्का प्रक्रियामा गइनेछ, यसै वर्ष विस्तारको काम सुरु हुन्छ", योगेशले भन्नुभयो । उहाँका



अनुसार धुलिखेलदेखि भकुण्डेबैंशीसम्म सडक दायाँबाँयाका रुख कटान गर्नुपर्ने तथा मोड सुधारका लागि केही घरसमेत भत्काउनुपर्ने अवस्था रहेकाले काम सुरु गर्न ठेक्का प्रक्रियासँगै केही महिना लम्बिन सक्ने छ । काम सुरु गरिएको तीन वर्षभित्र सडक विस्तारको काम सम्पन्न हुने समय सीमा सम्झौतामा तोकिने छ ।

सडक दायाँबाँया १५ मिटरभित्र बनेका उक्त संरचना तथा जग्गाको मु-आब्जा वितरण भइसकेको योगेशले बताउनुभयो । हाल विस्तार गर्ने भनिएको उल्लेखित दुरीको सडक धुलिखेल, पाँचखाल, पनौती तथा नमोबुद्ध नगरका सडकखण्डमा पर्दछ । उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी क्षेत्र तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा पछिल्ला केही बर्षदेखिको बाढी-पहिरोले क्षतिग्रस्त केही नयाँ पुनर्निमाण हुने खण्डलाई भने विस्तार गरेर नाला र ढलसहित ११ मिटर (मुख्य कालापत्रे भाग सात मिटर) बनाउने योजनासहितको काम बढाइएको कार्यालयले जनाएको हो । सडकखण्ड विस्तारपछि प्रतिघण्टा ३० बाट ६० किमी पुऱ्याइनेछ । जसका कारण ठूला सवारीसाधन आवागमनमा कुनै समस्या देखिने छैन । सडक विस्तारपछि नारायणगढ हुँदै लामो दूरी घुमेर काठमाडौं आउनुपर्ने ठूला सवारीसाधन बिपी राजमार्ग हुँदै छोटो दूरीमै राजधानी भित्रिन सक्नेछन् । विस्तारका क्रममा सहज स्थानमा पर्खाल उठाएर र अप्ठ्यारा ठाउँमा भित्तो काटेर सडक चौडा गरिने कार्यालयले जनाएको छ ।

विसं २०८१ असोजको बाढीपहिरोले भकुण्डेबैंशीदेखि नेपालथोकसम्मको सडकखण्डमा व्यापक क्षति पुऱ्याएपछि त्यस क्षेत्रलाई दुई लेनमै पुनःनिर्माण गर्ने प्रक्रियाअघि बढाइएको थियो ।

सोही क्रममा सुरुवाती बिन्दु धुलिखेलदेखि भकुण्डेबैंशीसम्मको खण्डलाई पनि दुई लेन बनाउन माथिल्लो निकायबाट प्रस्ताव स्वीकृत भएको योगेशको भनाइ छ । धुलिखेलदेखि नेपालथोकसम्मको करिब ५२ किमी सडक दुई लेन बनेपछि नेपालथोकबाट मध्यपहाडी लोकमार्ग हुँदै खुर्कोटसम्म सहजै पुग्न सकिनेछ । नेपालथोकदेखि खुर्कोटसम्मको पुरानो बिपी राजमार्गलाई दुई लेन बनाउन भौगोलिक रुपमा कठिन भएकाले नेपालथोकमा सुनकोशी नदीमाथि दुई लेनको पक्की पुल निर्माणका लागि पनि ठेक्का लागिसकेको योगेशले जानकारी दिनुभयो ।

यस्तै विसं २०८१ असोजको बाढीपहिरोले राजमार्गअन्तर्गत भकुन्डेबोसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । त्यसयता रोशी खोलामा अस्थायी रुपमा डाइभर्सन बनाइ आवागमन गराउँदै आइएको थियो । हाल क्षतिग्रस्त क्षेत्रमा स्थायी पुनःनिर्माणको काम तीव्ररुपमा भइरहेको कार्यालयले जनाएको छ । क्षतिग्रस्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरी कामअघि बढाइएको थियो ।


जसमध्ये काभ्रेपलाञ्चोक तर्फका तीन सडकखण्डलाई रु सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई रु एक अर्बको स्रोत सहमति दिइएको हो । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिवास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो ।

खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रुपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । रासस

भारतबाट ३५० मेगावाट विद्युत् आयात, ५६ मेगावाट निर्यातको अनुमति

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले यस वर्षको हिउँदयाममा भारतबाट ३५० मेगावाट विद्युत् आयात गर्न अनुमति पाएको छ ।

भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी दरमा दैनिक १७ घण्टासम्म विद्युत् आयात गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुमति दिएको



हो । दुई संस्थाबीच भएको सहमतिअनुसार, नेपाल विद्युत् प्राधिकरणले आजदेखि आगामी साउन १५ गतेसम्म विद्युत् आयात गर्न पाउनेछ । जसअनुसार बिहान ५ देखि ८ बजेसम्म र साँझ ५ देखि ९ बजेसम्म बाहेक अन्य समयमा विद्युत् आयात गर्न सक्नेछ ।

प्राप्त अनुमति बमोजिम, कटैया-कुशाहा, रामनगर-सुरजपुरा र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनमार्फत ३०० मेगावाट तथा न्यू नौतनिया-मैनहिया १३२ केभी प्रसारण लाइनमार्फत ५० मेगावाट विद्युत् आयात गरिनेछ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले भारतबाट ३५० मेगावाट विद्युत् आयातको अनुमति प्राप्त भएकाले आगामी हिउँदयाममा विद्युत् माग र आपूर्तिको व्यवस्थापन गर्न थप सहज हुने बताउनुभयो ।

भोटेकोशी बाढीकाकारण जलविद्युत् आयोजना तथा प्रसारण लाइनमा क्षति पुग्दा ४३१ मेगावाट जडित क्षमताका आयोजना राष्ट्रिय विद्युत् प्रणालीबाट विच्छेद भएका छन् । त्यस अवस्थालाई ध्यानमा राखेर आगामी हिउँदयामको विद्युत् माग र आपूर्ति व्यवस्थापनका लागि आवश्यक तयारी गरिएको कार्यकारी निर्देशक श्रेष्ठले बताउनुभयो ।

गत वर्षको विद्युत् माग र उत्पादनको अवस्थालाई आधार मानेर गरिएको विश्लेषणअनुसार यस वर्ष पुस, माघ, फागुन र चैत गरी चार महिनासम्म विद्युत् माग आन्तरिक उत्पादनभन्दा बढी हुने अनुमान छ । विशेषगरी माघ र फागुनमा दैनिक औसत ४५० देखि ५०० मेगावाटसम्म निरन्तर विद्युत् आयात गर्नुपर्ने अनुमान गरिएको छ ।

यस्तै, उच्च माग हुने पिक आवरमा दैनिक ८०० देखि ९०० मेगावाटसम्म विद्युत् आयात गर्नुपर्ने अवस्था रहेको अनुमान गरिएको छ । पुस र चैतमा भने तुलनात्मक रूपमा कम विद्युत् आयात गरे पुग्ने आँकलन छ । आगामी वैशाखदेखि नदीमा पानीको बहाव क्रमशः बढ्दै जाने भएकाले आन्तरिक विद्युत् उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन हुँदै विद्युत् निर्यात सुरु हुने अनुमान गरिएको छ ।

५६ मेगावाट विद्युत निर्यात अनुमति

नेपाल विद्युत् प्राधिकरणले तीन वटा जलविद्युत् आयोजनाबाट उत्पादित कूल ५६ मेगावाट विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आईएक्स) मा बिक्री गर्न पनि अनुमति पाएको छ । प्राधिकरणले आजैदेखि १५ आगामी साउनसम्म उक्त विद्युत् निर्यात गर्ने अनुमति पाएको हो । रासस

मन्त्री श्रेष्ठ र भारतीय राजदूत दलेलाबीच शिष्टचार भेट

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र नेपालका लागि भारतीय राजदूत सुधाकर दलेलाबीच शिष्टाचार भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार भएको भेटका क्रममा मन्त्री श्रेष्ठले राजदूत दलेलालाई सफल कार्यकालको शुभकामना दिँदै नेपाल-भारतबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन ऊर्जा तथा जलस्रोतका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

भेटमा भूमिगत जलस्रोतको पुनर्भरणसम्बन्धी अध्ययन तथा अनुसन्धानमा दुई देशबीच सहकार्य गर्ने विषयामा छलफलमा भएको थियो । त्यस्तै, अन्तरदेशीय विद्युत् प्रसारण पूर्वाधार विस्तारको सम्भावना, निर्माणाधीन परियोजनालाई निर्धारित समयमै सम्पन्न गर्ने तथा विद्युत् निर्यातको सीमा बढाउन आवश्यक सहजीकरण गर्ने विषयमा पनि विचार विमर्श भएको थियो ।

यसैगरी, उहाँहरुबीच नेपालमा सौर्य ऊर्जाको विकास र विस्तारका लागि भारतीय पक्षसँग सहकार्य गर्ने सम्भावनाबारे समेत छलफल भएको थियो । भेटमा दुवै पक्षले ऊर्जा तथा जलस्रोतका क्षेत्रमा आपसी सहकार्यलाई थप प्रभावकारी बनाउँदै द्विपक्षीय हितका आयोजनालाई गति दिनुपर्नेमा जोड दिएका थिए । रासस

जलवायु परिवर्तनमा न्यून योगदान गरेका मुलुक र समुदाय मारमा



काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीले जलवायु परिवर्तनमा न्यून योगदान गरेका मुलुक र समुदाय गम्भीर मारमा परेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) द्वारा कोप-३१ अन्तर्गत आज यहाँ आयोजित नोक्सानी र क्षतिसम्बन्धी उच्चस्तरीय मन्त्रीस्तरीय संवादलाई सम्बोधन गर्दा सो धारण राख्नुभएको हो ।

संवादमा उहाँले नेपालका लागि नोक्सानी र क्षति सैद्धान्तिक बहस नभई दैनिक जीवनको यथार्थ भएको उल्लेख गर्नुभयो । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम भए पनि जलवायु परिवर्तनका गम्भीर असर भोग्नुपरेको बताउँदै मन्त्री चौधरीले हिमनदी पग्लिने क्रम तीव्र हुनु, हिमताल विस्फोटबाट हुने बाढी, पहिरो, खडेरी, वन डढेलो तथा अतिवृष्टिजस्ता घटनाले जनजीवन, जीविकोपार्जन, पूर्वाधार र पारिस्थितिक प्रणालीमा गम्भीर असर पारेको बताउनुभयो ।

उहाँले सन् २०२६ अगस्टमा आएको विनाशकारी रसुवा-भोटेकोशी बाढीलाई जलवायु सङ्कटको पछिल्लो गम्भीर उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो । मन्त्री चौधरीले विपद्बाट प्रारम्भिक अनुमानअनुसार करिब दुई अर्ब ७० करोड अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको र पुनरुत्थान तथा पुनःनिर्माणका लागि करिब चार अर्ब ८० करोड अमेरिकी डलर आवश्यक पर्ने जानकारी दिनुभयो ।

नेपालले अति कम विकसित मुलुक तथा हिमाली राष्ट्रको जलवायु न्याय, समानता र उत्तरदायित्वका पक्षमा निरन्तर आवाज उठाउँदै आएको छ । त्यसैगरी, राष्ट्रिय प्रणाली सुदृढीकरण तथा जलवायु उत्थानशीलता अभिवृद्धिलाई प्राथमिकता दिएको छ । मुलुकले विकास साझेदारको सहयोगमा राष्ट्रिय जलवायु नीति, राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी), हिमताल जोखिम न्यूनीकरणका लागि पूर्वचेतावनी प्रणाली, विपद् पुनरुत्थान तथा जलवायु परिवर्तनबाट उत्पन्न नोक्सानी र क्षतिसम्बन्धी राष्ट्रिय रणनीति निर्माणका काम अघि बढाइएको छ । रासस

मासु जाँच ऐन कार्यान्वयनमा आयो

काठमाण्डु । उपत्यकाका तीन जिल्लाले मंगलबारदेखि ' पशु बधशाला तथा मासु जाँच ऐन, २०५५' कार्यान्वयनमा ल्याएका छन् ।

काठमाण्डु, ललितपुर र भक्तपुरका तीन जिल्लाले मंगलबारदेखि उक्त ऐन कार्यान्वयनमा ल्याएको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ ।

उक्त कानुन जारी भएको २८ वर्षपछि कार्यान्वयनमा आएको हो । काठमाडौं, भक्तपुर र ललितपुरका २१ स्थानीय तहबाट उक्त ऐन कार्यान्वयन गरिएको मन्त्रालयका सहप्रवक्ता एवं वरिष्ठ कृषि अर्थविज्ञ डा लालकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

योसँगै अव्यवस्थित ठाउँमा पशु बध गरेर उपभोक्तासम्म



अस्वस्थ मासु पुग्ने क्रम रोकिने विश्वास गरिएको छ । सरकारले गत भदौ १ गते नै राजपत्रमा सूचना प्रकाशन गरी देशभर तीन चरणमा ऐन लागू गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो । त्यसैअनुसार पहिलो चरणमा आजदेखि ऐन कार्यान्वयनमा आएको हो ।

मंगलबारदेखि पहिलो चरणमा काठमाण्डु उपत्यकाका तीन जिल्लाका २१ स्थानीय तहमा यो ऐन लागू भएको छ । ऐन कार्यान्वयन भएसँगै जथाभावी पशु बध गर्न र मासु बेच्न नपाइने भएको छ । रासस

होण्डाको दशैं योजना विजेता घोषणा

टुडे समाचारदाता

काठमाण्डु । होण्डाको नेपालकालागि आधिकारिक बिक्रेता स्याकार ट्रेडिङ्ग कम्पनीले यसवर्षको दशैंको अवसरमा ल्याएको 'योदशैं, आशाको सुरुवात' योजना अन्तर्गत 'होण्डा छ साथसाथ' मार्फत सातै प्रदेश–हरेक प्रदेशबाट एक-एक गरी विजेताहरु छनोटगर्ने जनाएको थियो ।

चाडपर्वको उल्लाससँगै समाजप्रतिको उत्तरदायित्वलाई मध्यनजरगर्दै होण्डाले यसवर्ष 'सहयोगको संकल्प' नामक विशेष योजना सञ्चालन गरेकोछ ।यस योजना अन्तर्गत ' होण्डा छ साथसाथ' मार्फत ७ वटै प्रदेशबाट हरेक हप्ता १/१जना विजेता छनोटगरी १लाख रुपैयाँसम्म जित्ने अवसर प्रदानगरिएकोछ । यस योजनाको सबैभन्दा उत्कृष्ट पक्ष भनेको विजेताहरुले जतिरकम प्राप्त गर्छन्, होण्डा नेपालले सो ही बराबरको थप रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा योगदानगर्ने घोषणा गरेको थियो।

योजनाअन्तर्ग तलक्की ड्रमार्फत सातै प्रदेशबाट पहिलो ३ हप्ताको विजेताहरु छनोटगरि कम्पनीले सार्वजनिक गरेकोछ । सार्वजनिकविवरणअनुसार प हि ला

HONDA

हप्ताका विजेताहरूमा कोशी प्रदेशबाट रामचन्द्र न्यौपानेले १० हजार, विकास कुमार यादवले १० हजार र आशिष राइले ५० हजार, मधेश प्रदेशबाट अफजल मियाँले १ लाख सुन लामाले १० हजार र सुशिल कुमार श्रीवास्तावले १० हजार, बागमती प्रदेशबाट गोकुलप्रसाद ओलीले १० हजार , राजु महर्जनले २५ हजार ,दिशान्त विष्टले १० हजार, गण्डकी प्रदेशबाट बिज्ञान लामाले १० हजार , बलराम थापाले ५० हजार, मनोज घिमिरेले १० हजार, लुम्बिनी प्रदेशबाट कृष्णबहादुर खड्काले १० हजार , पुष्पा थारुले १० हजार, दामोदर बहादुर बुढाथोकीले १० हजार, कर्णाली प्रदेशबाट पदमबहादुर शाहीले ५० हजार, मानसिंह दाहालले १ लाख, प्रोभिन्स हस्पिटल एण्ड रिसर्च सेन्टरले १० हजार र सुदुरपश्चिम प्रदेशबाट आदर्श कन्स्ट्रक्सनका मदन यादवले १० हजार, विनिता पाठकले १० हजार र जुजेस्टर राणाले १० हजार प्राप्त गरेकाछन् ।

HELEN KELLER INTL

Call for Request for Application (RFA)

Helen Keller International, co-founded by Helen Keller over a century ago, is dedicated to eliminating preventable blindness and malnutrition worldwide. In Nepal, where we have worked for nearly four decades, we partner with the Government of Nepal to translate national nutrition policies into action and deliver life-saving interventions for women and children in underserved communities.

Helen Keller Intl Nepal is launching an 18-month "Strengthening Nutrition System for Better Outcomes" project to support the Government of Nepal's IMAM system, improve early detection/treatment of acute malnutrition in children under five, and promote exclusive breastfeeding and IYCF practices. The project targets underserved communities across all eight districts of Madhesh Province. Helen Keller Intl invites RFAs from qualified Nepali local NGOs legally registered in Nepal, with registration in at least one district within their proposed cluster (Bara/Parsa/Rautahat/Sarlahi: Cluster 1 or Dhanusha/Siraha/Saptari/Mahottari: Cluster 2). Applicants must show proven experience in managing acute malnutrition, MSNP-related programs, health systems strengthening, and community-based SBCC, and must hold a PAN, valid renewal and tax exemption certificates, three years of financial audit reports, and other compliance documents. NGOs with innovative, targeted approaches to child malnutrition are encouraged to apply. There is a possibility of an extension, and all subawards are subject to the availability of donor funding.

The detailed RFA guideline is available upon request via email to nepal.procurement@hki.org from November 14, 2026, with the subject line " NP-346_ Request for Application – Strengthening Nutrition System for Better Outcomes." Only those who request the RFA are eligible to apply. A pre-application virtual Q&A session is scheduled for November 23, 2026, with the meeting link sent to applicants who requested the RFA. Applications (soft copy) must be submitted with the same subject line by December 6, 2026, 17:00 (NST). Shortlisted applicants will be contacted for further selection.

Helen Keller International reserves the sole right to select qualified applications and may reject any or all applications without explanation. Canvassing at any stage of the selection process will result in automatic disqualification, as per Helen Keller Intl policy.

स्वास्थमन्त्री मेहताद्वारा प्रादेशिक अस्पताल जनकपुरको निरीक्षण



टुडे समाचारदाता

जनकपुरधाम । संघीय सरकारका स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले मंगलबार जनकपुरधाममा मधेश प्रदेश सरकारद्वारा सञ्चालित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमन गरेकी छन् । सो क्रममा उनले प्रादेशिक अस्पताल जनकपुर, रक्तसञ्चार सेवा केन्द्र र औषधि आपूर्ति कार्यालयको समेत निरीक्षण गरेकी छन् ।

निरीक्षण गर्नेक्रममा मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा सुधार ल्याउन अवलोकन गरिएको बताइन् । प्रादेशिक अस्पतालमा सेवा प्रवाह र सरसफाइमा कमीकमजोरी देखिएको अस्पताल प्रशासनसँग यस विषयमा छलफल भएको जानकारी दिइन् । मन्त्री मेहताले अस्पतालको सेवा सुधारका लागि सङ्घीय सरकारका तर्फबाट आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै अस्पताल व्यवस्थापनले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताइन् ।

त्यस्तै अस्पतालको सघन उपचार कक्ष (आइसीयू) र भेन्टिलेटर सेवा विस्तारको तयारी भइरहेको बताइन् । उनले हाल अस्पतालमा १० वटा आईसीयू शैय्या सञ्चालनमा छन् भने थप २० वटा शैय्या विस्तार गर्ने तयारी भइरहेको बताइन् । सेवा विस्तार भएपछि गम्भीर प्रकृतिका बिरामीको उपचारमा सहज हुने उहाँले विश्वास व्यक्त गरिन् ।

अस्पतालमा उपचारका क्रममा स्वास्थ्यकर्मीमाथि हुने हातपात तथा दुर्व्यवहारका घटनाबारे उठेको प्रश्नमा मन्त्री मेहताले स्वास्थ्यकर्मीको सुरक्षाका लागि कानुनमा सुधार गर्न प्रक्रिया अघि बढाइएको बताइन् । स्वास्थ्यकर्मीको सुरक्षासम्बन्धी ऐन निर्माणको विषय सदनसम्म पुगिसकेको उल्लेख गर्दै उनले कानुन निर्माण भएपछि स्वास्थ्यकर्मीमाथि हुने दुर्व्यवहार रोकिने बताइन् ।

छठको मौलिकता खस्किँदै, रौनक र तडकभडक बढ्दै

टुडे समाचारदाता

रौतहट । आस्था, श्रद्धा, भक्ति, आत्मशुद्धि, संयम, निष्ठा र पारिवारिक सहभागितालाई विशेष महत्त्व दिँदै यस वर्षको छठपर्व हर्षोल्लासका साथ सम्पन्न भएको छ ।

प्रकृति तथा सूर्यप्रतिको सम्मानसँगै सामाजिक एकता, सद्भाव र सहअस्तित्वको सन्देश बोकेको छठपर्व शुक्रबारदेखि शुरु भइ सोमबार सम्पन्न भएको हो । चार दिनसम्म मनाइने यस पर्वअन्तर्गत शुक्रबार शुद्धता र सरसफाइमा ध्यान दिइएको थियो भने शनिबार खरना, आइतबार अस्ताउँदो सूर्य र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेपछि पर्व समापन भएको हो ।

पहिले तराई-मधेशमा मात्र विशेष रूपमा मनाइने छठपर्व पछिल्ला वर्षहरूमा देशका अधिकांश भागमा विस्तार हुनुका साथै विदेशमा समेत मनाउन थालिएको छ । छठको मुख्य दिन अस्ताउँदो सूर्यलाई अर्घ दिएपछि व्रतालु तथा श्रद्धालु रातभर घाटमा जाग्राम बसेर छठीमाताको आराधना गर्ने, लोकगीत तथा भजन गाउने गर्छन् । भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेपछि व्रतालुले चारदिने कठिन व्रत सम्पन्न गर्छन् ।

यस वर्ष छठपर्व कात्तिकको अन्तिम साता परेकाले धानबाली भित्र्याइसकिएको र मौसम पनि अनुकूल रहेकाले रौतहटसहित छिमेकी जिल्ला बारा, पर्सा र सर्लाहीमा छठको रौनक थपिएको स्थानीयको भनाइ छ ।

गौर नगरपालिकाका पूर्वमेयर अजय गुप्ताका अनुसार गत वर्षको तुलनामा यस वर्ष जिल्लामा व्रतालुको सङ्ख्यामा करिब १५ प्रतिशत वृद्धि भएको छ । रौतहटका



बागमती नदी, लालबकैया नदी, अरुवा खोला, भकुवा खोला, महकार पोखरी, इनरपोखरी र सहरमुजुवा पोखरीलगायत स्थानीय तालतलैया तथा खोलानालामा व्रतालु र भक्तजनको उल्लेख्य भीड लागेको थियो ।

परम्परागत रूपमा छठ मनाइँदै आएका स्थानीय घाटहरूमा आकर्षक सजावटसहितका पण्डाल निर्माण गरिएका थिए । ती पण्डालमा व्रतालु तथा परिवारजन पूजाअर्चनामा व्यस्त देखिन्थे भने छठको रौनक हेर्न स्थानीय युवा तथा सर्वसाधारणको पनि बाक्लो उपस्थिति थियो ।

एक दशकअघिको तुलनामा पछिल्ला वर्षहरूमा छठघाटलाई आकर्षक र सुविधासम्पन्न बनाउने प्रतिस्पर्धा बढ्दै गएको देखिन्छ । विशेषगरी सीमावर्ती क्षेत्रका घाटहरूमा स्थानीय बजारमा उपलब्ध सामग्रीका अतिरिक्त भारतीय बजारबाट समेत सजावटका सामग्री ल्याउने गरिएको छ । तर, यस किसिमको तडकभडकलाई जिल्लाका धर्म तथा संस्कृतिसँग सम्बद्ध व्यक्ति र ज्येष्ठ नागरिकहरूले सकारात्मक रूपमा लिएको देखिँदैन ।

बौद्धिमाई नगरपालिका-७ का ७२ वर्षीय रामदेव महतोका अनुसार ५० वर्षअघिको छठघाटमा अहिलेको जस्तो तडकभडक र सजावट हुँदैनथ्यो । त्यसबेला सजावटका सामग्रीसमेत सहजै उपलब्ध थिएनन्। महतोले भने, "उहिले सामान पाइँदैनथ्यो, अन्नअनाज प्रशस्तै भए पनि पैसा हुँदैनथ्यो। अहिलेका मानिससँग पैसा छ, सुखसयलमा रमाउँछन् । यस्तै हो भने अब छठको मौलिकता हराएर झकिझकाउ र देखावटीपनले स्थान पाउँछ ।"

त्यसैगरी, मौलापुर नगरपालिका-५ का ३५ वर्षीय खागा दास बाल्यकालमा आफूले देखेको छठपर्व तीर्थ, व्रत, न्यासध्यान र शुद्धतामा केन्द्रित हुने गरेको बताउँछन् । तर, अहिले पर्वमा धार्मिक विधि र परम्पराभन्दा तडकभडक तथा मनोरञ्जनले बढी स्थान पाउन थालेको उनको भनाइ छ ।

बौद्धिमाई नगरपालिका-५ का श्रीप्रकाश कौशल र नितेषनन्दन मिश्र पनि छठपर्वमा धार्मिक तथा सांस्कृतिक पक्षभन्दा नाचगान, भजनकीर्तन, चुड्किला र नाटक प्रदर्शनजस्ता मनोरञ्जनात्मक गतिविधि बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्छन् । उनीहरूका अनुसार छठलाई धार्मिक अनुष्ठानका साथै विशेष उत्सवका रूपमा मनाउने क्रम बढे पनि यसको मौलिकता जोगाउन आवश्यक छ ।

जिल्लाका विभिन्न स्थानमा सजाइएका प्रमुख छठघाटमा प्रोजेक्टरमार्फत धार्मिक चलचित्र प्रदर्शन तथा पौराणिक कथावाचनको व्यवस्था गरिएको थियो। विशेषगरी युवा-युवती गीतसंगीतमा रमाइरहेको स्थानीयवासी बताउँछन् ।

छठपर्वको धार्मिक तथा सांस्कृतिक महत् वबारे बौद्धिमाई नगरपालिका-९ का वडाध्यक्ष मुक्तिनारायण मिश्र छठलाई आस्था, भक्ति र संगीतको अनुपम संगमका रूपमा व्याख्या गर्छन् । यसको मौलिकता हराउन नदिन विशेषगरी युवावर्गलाई सचेत गराउनुपर्ने उनको भनाइ छ । मिश्रका अनुसार यस पर्वका क्रममा माछामासु, लसुन, प्याजलगायत तामसी भोजन त्याग्ने धार्मिक मान्यता छ ।

यसैगरी, बौद्धिमाई नगरपालिकाका पूर्वमेयर राजीवरञ्जन यादवका अनुसार पछिल्लो समय छठपर्व तराई-मधेशमा मात्र सीमित नरही देशका विभिन्न भूभाग हुँदै विश्वका विभिन्न मुलुकसम्म फैलिएको छ । धार्मिक आस्था, सामाजिक सद् भाव र सांस्कृतिक पहिचानका कारण यसको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको उनले बताए ।

छठपर्वको व्यापकता र आकर्षण बढ्दै जानु सकारात्मक पक्ष भए पनि यसको मौलिक धार्मिक तथा सांस्कृतिक स्वरूप जोगाउनु उत्तिकै आवश्यक देखिन्छ ।

बाल सुधार गृहबाट फरार कैदी पक्राउ



टुडे समाचारदाता

वीरगञ्ज । जेन- जी आन्दोलनको क्रममा वीरगञ्जस्थित बाल सुधार गृहबाट फरार भएका कर्तव्य ज्यान मुद्दाका एक कैदी पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साले जनाए अनुसार विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले सोमबार वीरगञ्ज महानगरपालिका-४ मालपोत चोकबाट उनलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-५ कालिका मन्दिर निवासी २२ वर्षीय परिवर्तित नाम ' वीरेन्द्रनगर (एल)' रहेका छन् ।

प्रहरीले जनाए अनुसार उनलाई सुर्खेत जिल्ला अदालतले अप्राकृतिक मैथुन मुद्दामा र बाँके जिल्ला अदालतले कर्तव्य ज्यान मुद्दामा दोषी ठहर गरेको थियो । दुवै मुद्दामा गरी उनलाई १२ वर्ष ६ महिना कैद र २५ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

उनी २०८२ भदौ २४ गते जेन- जी आन्दोलनको क्रममा वीरगञ्जस्थित बाल सुधार गृहबाट फरार भएका थिए । पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

भ्रामक सूचना फैलाउने दुई जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । सामाजिक सञ्जालमार्फत प्रहरीसँग सम्बन्धित घटनाबारे मिथ्या तथा भ्रामक सूचना प्रकाशन र प्रसारण गरेको आरोपमा सर्लाही प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जालमा वास्तविकताभन्दा फरक सूचना फैलाएर सर्वसाधारणलाई भ्रमित पार्ने कार्यमा संलग्न रहेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाइएको जनाएको हो ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा सर्लाहीको कविलासी नगरपालिका-७ निवासी २८ वर्षीय महेश पासवान र बलरा नगरपालिका-८ गडहिया डुमरिया निवासी ३२ वर्षीय आलम बैठा रहेका छन् ।

पासवानले आफ्नो व्यक्तिगत फेसबुक खातामार्फत र बैठाले आफूले सञ्चालन गर्दै आएको फेसबुक पेजमार्फत भ्रामक सूचना प्रकाशन गरेको प्रहरीको भनाइ छ ।



जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार उनीहरूले प्रहरीले पक्राउ नगरेको व्यक्तिलाई पक्राउ गरिएको भन्दै सामाजिक सञ्जालमा गलत सूचना सार्वजनिक गरेका थिए ।

उक्त सूचनाले सर्वसाधारणमा भ्रम सिर्जना गर्नुका साथै प्रहरीको कामकारबाहीबारे अनावश्यक अन्योल उत्पन्न गराएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

प्रहरीले सामाजिक सञ्जालमा अपुष्ट तथा भ्रामक सूचना प्रकाशन र प्रसारण गर्दा सार्वजनिक शान्ति सुव्यवस्था, सामाजिक सद्भाव र नागरिकको सूचनाको हकमा नकारात्मक असर पर्न सक्ने जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले सामाजिक सञ्जाल प्रयोगकर्तालाई कुनै पनि सूचना प्रकाशन, शेयर वा पुनःप्रसारण गर्नुअघि त्यसको सत्यतथ्य पुष्टि गर्न आग्रह गरेको छ ।

प्रहरीसँग सम्बन्धित पक्राउ, अनुसन्धान तथा कारबाहीका विषयमा आधिकारिक जानकारी नलिई सामग्री सम्प्रेषण नगर्न प्रहरीले अनुरोध गरेको छ ।

त्यसैगरी प्रहरीसँग सम्बन्धित घटनाबारे समाचार सम्प्रेषण गर्दा जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वा सम्बन्धित प्रहरी कार्यालयबाट आधिकारिक जानकारी लिएर मात्र प्रकाशन तथा प्रसारण गर्न सञ्चारकर्मीलाई समेत आग्रह गरिएको छ ।

पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको डीएसपी गौतमले जानकारी दिए ।

छठघाटमा चर्को आवाजमा डिजे बजाउने पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । छठ पर्वको अवसरमा सजाइएको छठघाटमा ठूलो आवाजमा डिजे बजाएर ध्वनि प्रदूषण तथा सार्वजनिक स्थलमा अशान्ति फैलाएको आरोपमा प्रहरीले पर्सामा पाँच जनालाई पक्राउ गरेको छ ।



जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगञ्ज महानगरपालिका-१७ केहुनिया र वडा नम्बर १९ स्थित बर्वा तिलावे पुलको छठघाटबाट उनीहरूलाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा पर्साको वीरगञ्ज महानगरपालिका-२५ का २२ वर्षीय रोशन पटेल र २५ वर्षीय चन्दन पटेल, वडा नम्बर १० का २७ वर्षीय पृथ्वी कार्की र वडा नम्बर २ का ३० वर्षीय सुमन पटेल रहेको पर्सा प्रहरीले जनाएको छ ।

त्यस्तै, बाराको प्रसौनी गाउँपालिका-३ का ३५ वर्षीय दिनेश पटेल र वडा नम्बर २ का २८ वर्षीय मञ्जुर हवारी पनि पक्राउ परेका छन् ।

सार्वजनिक स्थलमा ठूलो आवाजमा डिजे बजाएर अशान्ति फैलाउने, ध्वनि प्रदूषण गर्ने तथा शान्ति सुरक्षामा खलल पुऱ्याउने गतिविधिमा संलग्न रहेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिइएको पर्सा प्रहरीले जनाएको छ ।

पक्राउ परेका पाँचै जनालाई प्रहरी कार्यालयमा राखी कानुनबमोजिम म्याद थप गरेर थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

सामाचकेवा कार्यशाला जारी



टुडे समाचारदाता

जनकपुरधाम । मैथिली भाषा तथा मिथिलाको मौलिक लोकसंस्कृति र परम्पराको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा मंगलबारदेखि पाँचदिने सामाचकेवा कार्यशाला शुरु भएको छ ।

मैथिली विकास कोषको आयोजनामा मंगलबारदेखि कोषको भवनमा कार्यशाला प्रारम्भ भएको छ।

सामाचकेवा पर्वको परम्परागत विधि, सांस्कृतिक महत्व, गीत, नृत्य तथा यससँग जोडिएका मौलिक अभ्यासबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले कार्यशाला आयोजना गरिएको आयोजकले जनाएको छ ।

कार्यशालामार्फत सामाचकेवाको सांस्कृतिक पक्षलाई व्यवहारिक रूपमा सिकाउनुका साथै लोपोन्मुख हुँदै गएका मौलिक परम्परा र लोककला संरक्षणमा जोड दिइनेछ ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीका अनुसार सामाचकेवा मिथिलाको विशिष्ट लोकपर्व हुनुका साथै दाजुभाइ र दिदीबहिनीबीचको अटुट प्रेम, स्नेह र आत्मीयताको प्रतीक हो ।

आधुनिकताको प्रभावसँगै नयाँ पुस्तामा मौलिक लोकसंस्कृतिप्रतिको आकर्षण घट्दै गइरहेको अवस्थामा यस्ता कार्यशालाले सांस्कृतिक पहिचानलाई जीवन्त राख्न महत्वपूर्ण योगदान पुर्याउने उनको भनाइ छ ।

उनले सामाचकेवाको परम्परागत स्वरूप, लोकगीत, सामूहिक खेल तथा सांस्कृतिक अभ्यासलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्न आवश्यक रहेको उल्लेख गर्दै यस अभियानमा सबैको सहभागिता हुनुपर्नेमा जोड दिए ।

मिथिलामा कार्तिक पूर्णिमादेखि सुरु हुने सामाचकेवा पर्वमा दिदीबहिनीहरूले माटोका विभिन्न आकृति बनाएर गीत तथा खेलमार्फत दाजुभाइको दीर्घायु, सुख र समृद्धिको कामना गर्ने परम्परा रहेको छ ।

पाँच दिनसम्म सञ्चालन हुने कार्यशालाले सामाचकेवाको मौलिकता, परम्परागत कला र सांस्कृतिक महत्वको संरक्षण गर्दै भावी पुस्तामा यसको हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

नेकपाका श्याम यादवको अगुवाइमा सयौँ कार्यकर्ता रास्वपामा प्रवेश

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का केन्द्रीय सदस्य श्याम यादवको नेतृत्वमा रास्वपामा प्रवेश गर्नेहरुमा नेकपा मधेश प्रदेश समिति सदस्यहरु सुनिल कुमार यादव, सकला भनिने सत्यनारायण यादव, प्रदेश सदस्य दिलीप कुमार



सयौँको संख्यामा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)मा प्रवेश गरेका छन् ।

धनुषाको हँसपुर नगरपालिकास्थित सोनिगामामा मंगलबार एक समारोह बीच नेता श्याम यादवको नेतृत्वमा नेकपा परित्याग गर्दै यादव, जनकनन्दनी गाउँपालिकाका दिलीप मण्डल, रामनरेश कापर, श्रवण कुमार मण्डल, हेमशंकर मण्डल, भोला मण्डल, भेषकुमार मण्डल, सुदिश अधिकारी, लक्ष्मी मण्डल, कैयुम मंसुरी, इलियास राईन, ओजेर राइन, सोमन सादा, चानद राईन, अजमल राईन, मनिष महरा, राजेश शर्मा, रामपुकार मण्डल, शहीदनगर नगरपालिकाका वीरेन्द्र मुखिया, विमलेश कुमार यादव, मोहन राय, दिलीप महरा, राजेश कुमार मण्डल, उमेश महतो, रुपेश मण्डल, राम इश्वर राय, रामइश्वर मण्डल, भुपाल मुखिया, दिपेश मण्डल, देवनारायण मुखिया, सतिश अधिकारीलगायत तीन सयजनाभन्दा बढी नेता तथा कार्यकर्ताहरु नेकपा परित्याग गर्दै रास्वपामा प्रवेश गरेका छन् ।

पार्टी प्रवेश गर्ने नवप्रवेशीहरुलाई धनुषा क्षेत्र नम्बर २ प्रतिनिधिसभा सदस्य रामविनोद यादव र धनुषा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य मनिष झाले संयुक्त रुपमा दोसल्ला ओढाएर र अविर लगाएर पार्टी प्रवेश गराएका छन् ।

जनकपुरबाट- काठमाण्डु जाने क्रममा माइक्रोबस दुर्घटना, १४ जना घाइते

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामबाट काठमाण्डु जादै गरेको माइक्रो शस दुर्घटना हुँदा १४ जना घाइते भएका छन् ।

सिन्धुलीको गोलञ्जोर गाउँपालिका-७ पलासेस्थित बीपी राजमार्गमा माइक्रोबस दुर्घटना हुँदा १४ जना घाइते भएका छन् ।

घाइतेमध्ये अधिकांश धनुषाको शहीदनगर नगरपालिकाका रहेको प्रहरीले जनाएको छ ।

मंगलबार दिउँसो जनकपुरधामबाट काठमाडौं जाँदै गरेको मधेश प्रदेश ०४-००१ ज ०२४३ नम्बरको माइक्रोबस अनियन्त्रित भई सडकबाट करिब २० मिटर तल अधेरी खोलाको बगरमा खसेको थियो ।

दुर्घटनामा माइक्रोबसमा सवार चालकसहित सबै १४ जना घाइते भएका छन् । घाइतेहरूलाई तत्काल उद्धार गरी उपचारका लागि शुभजीवन अस्पताल खुर्कोट पठाइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हालसम्म नौ जना घाइतेको पहिचान खुलेको छ भने बाँकी पाँच जनाको विवरण संकलन भइरहेको छ ।

पहिचान खुलेका घाइतेमध्ये धनुषाको शहीदनगर नगरपालिका-८ का माइक्रोबस चालक दीपककुमार दास रहेका छन् ।

त्यस्तै, शहीदनगर नगरपालिका-७ की १७ वर्षीया रानीकुमारी मण्डल तथा वडा नम्बर २ का १४ वर्षीय पियुष गोहित, १५ वर्षीय आयुष गोहित र १२ वर्षीया रुबी गोहित घाइते भएका छन् ।

यसैगरी ललितपुरको भैंसेपाटी निवासी ३६ वर्षीया प्रियाङ्का साह र उनका तीन छोरी १६ वर्षीया जेनी साह, ११ वर्षीया सफलता साह तथा ३ वर्षीया ओमी साह पनि दुर्घटनामा घाइते भएका छन् ।

दुर्घटनाको कारण खुल्न बाँकी रहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र अन्य पाँच जना घाइतेको पहिचान खुलाउने कार्य जारी रहेको सिन्धुली प्रहरीले जनाएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८